# महाङ्काल गाउँपालिकाको विशेष अनुदान अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०

स्वीकृत मितिः २०८०/११/१६

प्रदेश वा संघीय तहबाट हस्तान्तरित विशेष अनुदानका कार्यक्रमहरु स्थानीय तहबाट संचालन गर्नका लागि स्थानीय सरकारले कार्यविधि बनाउन वाञ्छनीय भएकाले महाङ्काल गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४को दफा १०२ (२) र विशेष अनुदान सम्बन्धि कार्यविधि , २०७७ (तेस्रो संसोधन) को दफा ८ (४) को व्यवस्था अनुरुप "महाङ्काल गाउँपालिकाको विशेष अनुदान अन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्य कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" महाङ्काल गाउँ कार्यपालिकाको मिति २०८०/११/१६ गतेको निर्णयबाट स्वीकृत भई जारि गरेको छ।

## परिच्छेद -१

## प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>

क) यस कार्यविधिको नाम "महाङ्काल गाउँपालिकाको विशेष अनुदानअन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्यकार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" रहेको छ।

ख) यो कार्यविधि महाङ्काल गाउँपालिका भरि लागु हुनेछ।

ग) यो कार्यविधि महाङ्काल गाउँ कार्यपालिकाबाट स्वीकृत मिति देखि लागु हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा

क) "गाउँपालिका" भन्नाले महाङ्काल गाउँपालिकालाई जनाउने छ ।

ख) "कार्यपालिका" भन्नाले महाङ्काल गाउँपालिकाको कार्यपालिकालाई जनाउने छ ।

ग) "स्थानीय तह" भन्नाले नेपालको संविधान, राज्यशक्तिको संरचना र राज्यको बाँडफाँड गरे अनुसार गठन भएका गाउँपालिका र नगरपालिका वा उपमहानगरपालिका वा महानगरपालिकालाई सम्झनु पर्छ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर बो.सी.
अध्यक्ष

घ) "प्रदेश" भन्नाले नेपालको संविधान बमोजिम राज्यको संरचना रराज्यशक्तिको बाँडफाँड गरे अनुसार गठन भएका प्रादेशिक सरकार सम्झनुपर्छ।

ङ) "संघ" भन्नाले नेपालको संविधान बमोजिम राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड गरे अनुसार गठन भएको संघीय सरकारलाई सम्झनुपर्छ ।

च) "समूह वा समिति" भन्नाले स्थानीय तहको पशु सेवा वा कृषि शाखामा दर्ता / सूचिकृत भएका पशुपालक समूह वा समितिहरूलाई सम्झनुपर्छ ।

छ) "सहकारी संस्था" भन्नाले सहकारी ऐन, २०७४ बमोजिम दर्ता भएका, कृषि र पशुपालन तथा दुग्ध व्यवसाय सम्बन्धि कार्य गर्ने उद्देश्य भएँका सहकारी संस्था भन्ने सम्झनुपर्छ ।

ज)" कृषि शाखा " भन्नाले महाङ्गाल गाउँपालिका अन्तर्गतको कृषि विकास शाखालाई जनाउने छ ।

झ)"पशु शाखा" भन्नाले महाङ्गाल गाउँपालिका अन्तर्गतको पशुपन्छी विकास शाखालाई जनाउने छ ।

ञ) "अर्गानिक खेति" भन्नाले प्राङ्गारिक खेतिलाई जनाउने छ ।

ट) "लक्षित वर्ग" भन्नाले फर्म दर्ता नभएका व्यक्तिगत कृषक, आर्थिक हिसावले अति विपन्न कृषकहरु तथा पिछडिएका वर्ग अन्तर्गतका दलित तथा जनजाति समुहका कृषकहरुलाई जनाउने छ ।

ठ) "कार्यालय" भन्नाले महाङ्गाल गाउँपालिकाको कार्यालयलाई जनाउने छ ।

३. <u>उद्देश्य :</u> यस कार्यविधि बमोजिम संचालन हुने कार्यक्रमहरुको उद्येश्य देहाय बमोजिम हुनेछः

(क) विशेष अनुदानका कार्यक्रमहरुको कार्यान्वयन, अनुगमन र नियमन गर्ने,

(ख) विशेष अनुदानका कार्यक्रमहरुमा प्रभावकारिता, पारदर्शिता र एकरुपता कायम गर्ने,

(ग) कृषि तथा पशुपन्छीहरुका उत्पादन र उत्पादकत्व अभिबृद्धि गरि आत्मनिर्भरता, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनमा टेवा पुर्याउने ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

## परिच्छेद -२

## कार्यक्रम संचालन प्रक्रिया

४. प्रस्ताव आव्हान: (१) गाउँपालिकाले स्वीकृत कार्यक्रममा सहभागी हुन इच्छुक आवेदकहरुलाई लक्षित गरि प्रस्ताव पेश गर्न अधिकतम ३० दिनको म्याद राखी अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा १ बमोजिम सूचना प्रकाशन गर्दा माग अनुसार प्रस्ताव दर्ता हुन नआएमा गाउँपालिकाले पुनः पन्ध्र (१५) दिन सम्मको समय सिमा राखी एक (१) पटकको लागि प्रस्ताव आव्हानको सूचना प्रकाशन गर्न सक्नेछ ।

५. लक्षित वर्ग र क्षेत्र : (१) यस कार्यविधि अन्तर्गतका कार्यक्रमहरु कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा सम्पूर्ण महाङ्काल गाउँपालिका भरि संचालन गरिने छ । तर सूचनामा खुलाएका स्थानहरु छन् भने कार्यक्रमहरु सोहि स्थानमा संचालन गरिने छ ।

६. प्रस्ताव दर्ता: कार्यक्रममा सहभागी हुन सम्बन्धित कार्यक्रमको मापदण्ड वा शर्तहरु पुरा गरेको इच्छुक आवेदकले दफा ३ उल्लेखित समय सीमा भित्र अनुसूची बमोजिमको कार्ययोजना, अनुसूची-६ बमोजिमको स्व-घोषणा पत्र, अनुसूची-३ मा उल्लेखित अन्य आवश्यक कागजात सहित अनुसूची-२को ढांचामा निवेदन गाउँपालिकामा दर्ता गर्नु पर्ने छ ।

७. प्रस्ताव मुल्यांकन तथा स्थलगत प्रमाणीकरण: (१) प्राप्त भएका प्रस्तावहरुको प्रारम्भिक मुल्यांकन गरि स्थलगत प्रमाणीकरण पश्चात कार्यालयमा स्वीकृतिका लागि सिफारिस गर्न एक मुल्यांकन समिति रहनेछ ।

(२) कुनै अन्य व्यवस्था नभएमा आर्थिक विकास समितिलाई मुल्यांकन समितिको रुपमा लिइने छ ।

(३) उपदफा (१) अनुसार गठित समितिले आवश्यक ठानेमा विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

(४) उपदफा (१) बमोजिम गठित मुल्यांकन समितिले अनुसूची ७ बमोजिमको आधारमा रही मुल्यांकन गर्दा बढी अंक प्राप्त गर्ने आवेदक देखि छनौटका लागि सिफारिस गर्नु पर्नेछ ।

८. <u>प्रस्ताव छनौट र सम्झौता :</u>(१) मुल्यांकन समितिले छनौटका लागि सिफारिस गरेपछि छनौट भएका कृषकहरुको सूची सहितको सम्झौता गर्नका लागि बढीमा १५ (पन्ध्र) दिनको सूचना शाखाद्वारा प्रकाशन गरिनेछ ।

(२) स्वीकृत प्रस्तावका आवेदकहरुसंग कार्यालयले अनुसूची ८ बमोजिमको सम्झौता गरि कार्यक्रम कार्यान्वयन गर्नेछ ।

(३) तोकिएको अवधिभित्र सम्झौता हुन नसकेमा योग्यता क्रमको आधारमा छनौट हुने आवेदकहरुसंग सम्झौता गरि कार्यक्रम कार्यान्वयन गरिने छ । साथै साझेदारले सम्झौता गर्नु अघि सोहि प्रकृतिको कार्यक्रमको लागि अन्य सरकारी संस्थाबाट दोहोरो सुविधा नलिएको प्रतिवद्धता पेश गर्नुपर्नेछ ।

९. <u>कार्यक्रम संचालन :</u> (१) विशेष अनुदानका कार्यक्रमहरुको संचालन गर्दा प्राप्त भएको कुल बजेटको आधारमा बिभिन्न शिर्षकहरुमा बजेट विनियोजित गर्न पर्दा कार्यक्रमको प्रकृति, स्थानीय आवश्यकता, सम्भावना र प्राथमिकताको आधारमा यस गाउँपालिकाको कार्यपालिका बाट बजेट विनियोजन गर्न सकिने छ ।

(२) यस कार्यविधि अन्तर्गत संचालन हुने सबै कार्यक्रमहरु कृषकसँग साझेदारीमा गाउँपालिकाले ८० प्रतिशत र कृषकले २० प्रतिशत बेहोर्ने गरि संचालन गरिनेछ ।

(३) विशेष अनुदानका कार्यक्रमहरुको संचालन गर्नका लागि विशेष अनुदान सम्बन्धि कार्यविधि , २०७७ (तेस्रो संसोधन) को दफा ८ अनुरुप सार्वजनिक खरिद नियमावली, २०७९ (बाह्रौ संसोधन) को दफा ३१ को आधारमा खुल्ला बोलपत्रको माध्यमद्वारा खरिद तथा अन्य कार्य संचालन गर्न सकिने छ ।

(४) बोलपत्र आव्हानको समयमा अधिकतम ५ प्रतिशत सम्म कन्टिन्जेन्सी रकम छुट्टयाई पशु सेवा शाखा / कृषि विकास शाखाको व्यवस्थापनमा खर्च गर्न सकिनेछ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

## परिच्छेद-३

## विशेष अनुदान अन्तर्गतका कार्यक्रमहरु

१०. पशुपालन प्रवर्द्धन कार्यक्रमः(१) यस कार्यक्रम अन्तर्गत कृषक/ समुह/ समिति/ सहकारी/संघ/संस्था/कम्पनी/फर्म/निजी उद्यमीहरुले यस प्रकृतिको कार्यक्रममा आवेदन पेश गर्न पाउने छन् ।

(२) यस कार्यक्रममा आवेदन छनौट गर्दा फर्म दर्ता नभएका व्यक्तिगत कृषक, आर्थिक हिसावले अति विपन्न कृषकहरु तथा पिछडिएका वर्ग अन्तर्गतका कृषकहरुलाई प्राथमिकता दिईने छ ।

(३) यस कार्यक्रम अन्तर्गत छनौट भएका कृषकहरुका लागि आवश्यकता अनुसार उन्नत जातका दुधालु भैंसी, गाई तथा बाख्रा वितरण गर्न सकिनेछ ।

(४) कार्यालयले पशुपन्छीपालक कृषकहरुका लागि तालिम, सचेतना गोष्ठी, नमुना फर्म भ्रमण लगायतका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) कार्यालयले पशुपन्छीपालक कृषकहरुका लागि घाँसको विउ / विरुवा वितरण, यन्त्रहरु (च्याप कटर, काउ म्याट, सोलार जस्ता) वितरण गर्न सकिनेछ ।

(६) कार्यालयले पशुपन्छीपालक कृषकहरुका लागि व्यवसायिक ढंगको गोठ निर्माण तथा सुधार गर्नका लागि अनुदानको व्यवस्था गर्न सक्नेछ ।

११. मासु उत्पादन प्रवर्द्धन कार्यक्रम : (१) यस कार्यक्रम अन्तर्गत कृषक/ समुह/ समिति/ सहकारी/ संघ/ संस्था/ कम्पनी/ फर्म/ निजी उद्यमीहरुले यस प्रकृतिको कार्यक्रममा आवेदन पेश गर्न पाउने छन् ।

(२) यस कार्यक्रममा आवेदन छनौट गर्दा फर्म दर्ता नभएका व्यक्तिगत कृषक, आर्थिक हिसावले अति विपन्न कृषकहरु तथा पिछडिएका वर्ग अन्तर्गतका कृषकहरुलाई प्राथमिकता दिईने छ ।

(३) यस कार्यक्रम अन्तर्गत छनौट भएका कृषकहरुका लागि आवश्यकता अनुसार उन्नत जातका बाख्राको बोका/माउ/पाठा/पाठी, कुखुरा, कुखुराका चल्ला, बङ्गुर ईत्यादि वितरण गर्न सकिनेछ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

(४) कार्यालयले मासु उत्पादक कृषकहरुका लागि तालिम, सचेतना गोष्ठी, नमुना फर्म भ्रमण लगायतका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(५) कार्यालयले मासु उत्पादक कृषकहरुका लागि घाँसको विउ वितरण, मासु उत्पादन तथा बिक्रि वितरणमा प्रयोग हुने यन्त्र / औजारहरु वितरण गर्न सकिनेछ ।

(६) प्रशस्त मासुजन्य पशुहरु उत्पादन हुने ठाउँमा व्यवसायिक बधशाला र मासु पसल तथा कोल्ड स्टोर निर्माणका लागि अनुदान प्रदान गर्न सकिनेछ ।

१२. <u>दुग्धजन्य पदार्थ प्रशोधन तथा बजारीकरण:</u> (१) यस कार्यक्रम अन्तर्गत कृषक/ समुह/ समिति/ सहकारी/ संघ/ संस्था/ कम्पनी/ फर्म/ निजी उद्यमीहरुले यस प्रकृतिको कार्यक्रममा आवेदन पेश गर्न पाउने छन् ।

(२) यस कार्यक्रममा आवेदन छनौट गर्दा संचालनमा रहेका दुग्ध सहकारी तथा दुध उत्पादनमा आधारित कृषक समूहहरुलाई प्राथमिकता दिइने छ ।

(३) कार्यालयले दुध तथा दुग्धजन्य उत्पादक कृषकहरुका लागि तालिम, सचेतना गोष्ठी, नमुना फर्म भ्रमण लगायतका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(४) कार्यालयले दुध तथा दुग्धजन्य उत्पादक कृषकहरुका लागि दुध तथा दुग्धजन्य पदार्थ उत्पादन तथा बजारीकरणमा प्रयोग हुने यन्त्र / औजारहरु (चिलिंग भ्याट, मिल्किंग मेसिन, मिल्क कन्टेनर / क्यान, ढुवानीका लागि ट्यांकर, खुवा घोट्ने मेसिन इत्यादी) वितरण गर्न सकिनेछ ।

(५) दुध तथा दुग्धजन्य उत्पादनको भण्डारणका लागि दुग्ध संकलन केन्द्र स्थापना गर्न सकिने छ ।

(६) दुध तथा दुग्धजन्य उत्पादनको बजारीकरणका बेलामा प्रयोग गर्नका लागि प्याकेजिंग सम्बन्धि आवश्यक यन्त्रहरु उपलब्ध गराउन सकिनेछ ।

१३. <u>अर्गानिक खेति प्रवर्द्धन कार्यक्रम :</u>(१) यस कार्यक्रम अन्तर्गत कृषक/ समुह/ समिति/ सहकारी/ संघ/ संस्था/ कम्पनी/ फर्म/ निजी उद्यमीहरुले यस प्रकृतिको कार्यक्रममा आवेदन पेश गर्न पाउने छन् ।

(२) यस कार्यक्रममा आवेदन छनौट गर्दा लक्षित वर्ग तथा अर्गानिक उत्पादन कार्यमा संलग्न रहेका कृषकहरुलाई प्राथमिकता दिइने छ ।



अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

(३) कार्यालयले कृषकहरुका लागि अर्गानिक कृषि प्रविधिको अनुशरण तथा विस्तार सम्बन्धि सचेतना अभिवृद्धि ( अर्गानिक कृषिमा अभिमुखीकरण कार्यक्रम, तालिम, क्षमता अभिबृद्धि , प्रदर्शन ) लगायतका कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(४) अर्गानिक कृषि प्रविधिको अनुशरण तथा विस्तार कार्यमा सहयोगी क्रियाकलापहरु जस्तै भकारो सुधार, भर्मीकम्पोष्ट मल, कम्पोष्ट मल, हरियो मल, जैविक मल, जैविक विषादी, शुक्ष्म जैविक मल उत्पादन तथा बजारीकरण सम्बन्धि कार्यहरु गर्न सकिनेछ ।

(५) अर्गानिक नमुना कृषि फर्म स्थापना गर्न सकिनेछ ।

(६) कार्यालयले अर्गानिक कृषि उत्पादनमा प्रयोग हुने कृषि यन्त्र / औजारहरु (मिनी टिलर, स्प्रेयर, गोबर पेल्ने मेसिन, प्याकेजिंग र लेबलिंग मेसिन इत्यादी) वितरण गर्न सकिनेछ ।

(७) अर्गानिक खेतिका लागि आवश्यक सिंचाइ सुविधा उपलब्ध गर्नका लागि थोपा सिंचाइ, स्प्रिङ्क्लर, वर्षाको पानि संकलन पोखरी इत्यादी निर्माण गर्न सकिनेछ ।

(८) अर्गानिक खेतिका लागि नर्सरी स्थापना अन्तर्गत पोलीव्याग, नर्सरी ट्रे, विउ विरुवा खरिद इत्यादी कार्य गर्न सकिनेछ ।

(९) अर्गानिक खेतिका लागि उत्पादन संकलन तथा ढुवानीका लागि लेवालिंग सहितको क्रेट, तौल नाप्ने मेसिन इत्यादी वितरण गर्न सकिनेछ ।

## परिच्छेद-४

## अन्य व्यवस्था

१४. <u>दोहोरोपना नहुने:</u> (१) यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन अन्य सरकारी निकायबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासंग दोहोरोपना नहुने गरि कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ । गत आर्थिक वर्षमा सोहि प्रकृतिको प्रोत्साहन प्राप्त गर्ने साझेदार कृषक / संस्थालाई छनौट प्रक्रियामा समावेश गरिने छैन ।

१५. <u>कृषक छनौट सम्बन्धी व्यवस्था:</u> यस कार्यविधिद्वारा विषेश अनुदान तर्फको कार्यक्रम कार्यान्वयन गर्न कार्यालयबाट प्रस्ताव आह्वान गरी सकेपछि प्राप्त हुन आएको प्रस्ताव उपर आर्थिक विकास समितिले छानविन र छनौट गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ।



अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर ... 
अध्यक्ष

१६. अनुगमन गरिने : यस कार्यविधि अनुसार कार्य सम्पन्न पश्चात सम्पन्न भएको कार्यहरुको अनुगमन गरिने छ । अनुगमन गर्ने पूर्ण अधिकार गाउँपालिकाको उपाध्यक्षको संयोजकत्वमा आर्थिक विकास समितिको हुनेछ । साथै अनिवार्य रुपमा पशु र कृषि शाखाका कर्मचारीहरुलाई पनि अनुगमन समितिमा समावेश गर्नु पर्नेछ ।

१७. सार्वजनिक सूचना पाटी सम्बन्धि व्यवस्था : अनुदान प्राप्त गर्ने साझेदार संस्थाले अनुसूची ९ बमोजिमको सार्वजनिक सूचना पाटी कार्यक्रम संचालन स्थलमा अनिवार्य सबैले देख्ने गरि टाँस गर्नु पर्नेछ ।

१८. कारबाही सम्बन्धि व्यवस्था : साझेदारले सम्झौता अनुरुप रकम वा सुविधा लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ । साथै कम्तिमा दुई (२) वर्षसम्म अन्य कुनै सुविधा दिइने छैन ।

१९. संशोधन : यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा गाउँपालिकाले संशोधन गर्न सकिनेछ । शाखाबाट प्रस्ताव गरि कार्यपालिका बाट निर्णय गरिसकेपछि संशोधन पूर्ण हुने छ ।

२०. प्रचलित कानुन बमोजिम हुने : यस कार्यविधिमा उल्लेख भएका संचालन प्रक्रिया बाहेकका विषयहरु प्रचलित कानूनसँग बाझिएमा प्रचलित कानून बमोजिम नै हुनेछ ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

## अनुसूची – १

# सूचना ! सूचना !! सूचना !!!

प्रथम पटक प्रकाशित मिति : ....................

यस कार्यालयको आ.व. २०८०/८१को वार्षिक स्वीकृत कार्यक्रम अनुसार "महाङ्काल गाउँपालिकाको विशेष अनुदानअन्तर्गत कृषि, पशुपन्छी तथा मत्स्यकार्यक्रम कार्यान्वयन कार्यविधि, २०८०" बमोजिम देहायका कार्यक्रमहरु संचालन गर्न इच्छुक कृषक/समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनी/ फर्म/निजी उद्यमीहरुले यो सूचना प्रकाशित भएको मितिले ...... दिनसम्म कार्यालय समय भित्र यस कार्यालयमा प्रस्ताव दर्ता गर्नुहुन आह्वान गरिन्छ ।साथै रित नपुगी वा म्याद नाघी प्राप्त प्रस्तावहरु छनौटमा समावेश नगरिने व्यहोरा समेत जानकारी गराईन्छ।

| क्र.स. | कार्यक्रमको नाम | कार्यक्रम संचालन गरिने विधि | लक्षित क्षेत्र |
|---|---|---|---|
| १. | | | |
| २. | | | |

आवस्यक कागजातहरुको सूची :

१. रु. १० को हुलाक टिकट सहितको निवेदन
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
४. पशुपन्छी/ घाँस खेति/अर्गानिक खेतिको विवरण सहितको संक्षिप्त कार्य-योजना
५. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनी/फर्म/निजी उद्यमीहरुका लागि सरकरी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि
६. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनी/फर्म/निजी उद्यमीहरुका लागि स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी
७. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनीहरुले कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि
८. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनीहरुको कार्य समितिका पदाधिकारीहरुको नामावली
९. यसै प्रकृतिको कार्यका लागि बिगत दुई (२) वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र

*** पुनश्चयः विगतको आ.व. २०७९/८०मा अनुदान प्राप्त कृषक/निजि फर्म/सहकारी/संस्था हरुलाई कार्यक्रममा समावेश गरिने छैन।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर रोकाया
अध्यक्ष

## अनुसूची – २

### निवेदनको ढाँचा

मितिः

श्री कार्यालय प्रमुख ज्यू,
महाङ्काल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय
गोटिखेल, ललितपुर

विषयः प्रस्ताव पेश गरिएको बारे

तहाँ कार्यालयको मिति .................. गतेको सूचना अनुसार ............................................... कार्यक्रम संचालन गर्न इच्छुक भै प्रस्तावित कार्य-योजना र आवस्यक कागजातहरु संलग्न राखी यो निवेदन पेश गरेको छु। कार्यक्रम संचालनमा नियमअनुसारको कार्य गर्ने तथा प्राप्त अनुदानको सदुपयोग गरी समयमै कार्य सम्पन्न गर्ने प्रतिबद्धता समेत व्यक्त गर्दछु ।

निवेदक
नाम :
फर्मको नाम :
फर्मको छाप :
दस्तखत :

प्रस्तावकको नाम र थर :
स्थायी ठेगाना (टोल सहित):
प्रस्तावित कार्यक्रमको नाम :
कार्यक्रम संचालन हुने स्थान :

संलग्न कागजातहरु :
१.
२.
३.

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत



गणेश बहादुर कोली
अध्यक्ष

# अनुसूची ३

## आवश्यक कागजातहरु

१. रु. १० को हुलाक टिकट सहितको निवेदन
२. निवेदकको नेपाली नागरिकताको प्रतिलिपी
३. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
४. पशुपालन/घाँस खेति/ अर्गानिक खेतिको विवरण सहित अनुसूची अनुसारको संक्षिप्त कार्य-योजना
५. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनी/फर्म/निजी उद्यमीहरुका लागि सरकारी निकायमा दर्ता/नवीकरण भएको प्रमाणको प्रतिलिपि
६. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनी/फर्म/निजी उद्यमीहरुका लागि स्थायी लेखा नम्बर र करचुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपी
७. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनीहरुले कार्यक्रम संचालन गर्ने सम्बन्धी निर्णयको प्रतिलिपि
८. समुह/समिति/सहकारी/संघ/संस्था/कम्पनीहरुको कार्य समितिका पदाधिकारीहरुको नामावली
९. यसै प्रकृतिको कार्यका लागि बिगत दुई (२) वर्षमा अनुदान नलिएको स्व-घोषणा पत्र

गणेश बहादुर के.सी.
अध्यक्ष

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची -४

## पशुपालन तथा घाँस खेतिको विवरण सहितको संक्षिप्त कार्य-योजना

१. आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क नं | |
| फर्मको नाम | |
| दर्ता भएको निकाय र मिति | |

२. हालको व्यवसायको अवस्था

| | |
|---|---|
| हाल संलग्न व्यवसाय | |
| संचालित क्रियाकलापहरु | |
| क.स. | हाल संचालित क्रियाकलापहरु |
| | |
| | |
| | |
| | |
| | |
| | |

३. पशुपालन विवरण

| पशुको किसिम | भाले | माउ | पाठा/बाच्छा/पाडा | पाठी/बाच्छी/पाडी | खसी |
|---|---|---|---|---|---|
| गाई | | | | | |
| भैंसी | | | | | |
| बाखा | | | | | |
| कुखुरा | लोकल : | ब्रोइलर : | लेयर्स : | | कोइलर : |
| माछा | कार्प : | | ट्राउट : | | |



अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर बोहरा
अध्यक्ष

४. घाँस खेतिको विवरण

| क.स. | घाँसको जात | खेति गरिएको क्षेत्रफल (रोपनी) | वार्षिक उत्पादन (के.जी.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

५. मुख्य उत्पादन र कारोवार विवरण

| क.स. | हाल उत्पादन गर्ने गरिएका बस्तुहरु | वार्षिक परिमाण | कारोबार रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

६. प्रस्तावित क्रियाकालाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.

ख.

ग.

घ.

ङ.

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

## अनुसूची -५

## अर्गानिक खेतिको विवरण सहितको संक्षिप्त कार्य-योजना

१. आवेदकको विवरण

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| सम्पर्क नं | |
| फर्मको नाम | |
| दर्ता भएको निकाय र मिति | |

२. हालको व्यवसायको अवस्था

| हाल संलग्न व्यवसाय | |
|---|---|
| संचालित क्रियाकलापहरु | |
| क.स. | हाल संचालित क्रियाकलापहरु |
| | |
| | |
| | |
| | |
| | |
| | |

३. अर्गानिक खेतिको विवरण

| क.स. | अर्गानिक खेति गरिएको/ गर्ने योजना रहेको बाली तथा जात | खेति गरिएको क्षेत्रफल (रोपनी) | वार्षिक उत्पादन (के.जी.) |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर बि.सी.
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

४. मुख्य उत्पादन र कारोवार विवरण

| क.स. | हाल उत्पादन गर्ने गरिएका बस्तुहरु | वार्षिक परिमाण | कारोबार रकम |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

५. प्रस्तावित क्रियाकलाप सम्पन्न भए पश्चात हासिल हुने अपेक्षित उपलब्धिहरु

क.

ख.

ग.

घ.

ङ.

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

## अनुसूची -६

## स्व-घोषणा पत्र

श्रीमान् कार्यालय प्रमुख ज्यू,
महाङ्काल गाउँपालिका
गोटिखेल, ललितपुर

प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति ...................................का दिन प्रकाशित सूचना अनुसारवडा नम्बर.............स्थित ...............................................ले कार्यक्रममा प्रस्ताव पेश गरेको हुँदा तपसिलका बुँदाहरुमा प्रतिवद्धता व्यक्त गर्दछौं । यदी यस स्व-घोषणामा केहि झुठ पाइएमा प्रचलित कानून बमोजिम सजायको भागेदार हुन मन्जुर रहेको व्यहोरा समेत अनुरोध गर्दछौं ।

तपसिलः

१. अन्य कुनै सरकारी निकायबाट समान प्रकृतिको कार्यक्रमको लागि कुनै प्रकारको प्रोत्साहन वा सुविधा लिएको छैन ।
२. यस कार्यक्रमले वातावरणीय तथा सामाजिक रुपमा कुनै पनि प्रतिकुल असर गर्ने छैन ।
३. कुनैपनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा परेको छैन ।

औंठा छाप

| दायाँ | बाँया |
|---|---|
| | |

आवेदकको

नामः
फर्मको नामः
पदः

सम्पर्क नं.:
संस्थाको छापः

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर कोरी
अध्यक्ष

## अनुसूची ७

### प्रस्ताव मुल्याङ्कन फारम

| क.स. | विवरण | अंकभार | कैफियत |
|---|---|---|---|
| १ | आवश्यक कागजातहरुको संलग्नता | १० | |
| २ | लक्षित वर्ग(विपन्न/ अति विपन्नको हकमा विपन्नताको प्रमाण),क्षेत्र र मापदण्डको अनुरुप आवेदकको उपयुक्तता | १५ | |
| ३ | प्रस्तावित कार्ययोजना अनुरुपको सामाजिक, भौगोलिक र वातावरणीय उपयुक्तता | १० | |
| ४ | कार्ययोजनामा प्रस्तावित क्रियाकलापहरुको सान्दर्भिकता र कार्यक्रमसँगको तालमेल तथा विश्वासनियता | १० | |
| ५ | कार्ययोजनामा लागत साझेदारीको आँकलन | ५ | |
| | जम्मा | ५० | |

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर कोली
अध्यक्ष

## अनुसूची – ८

## द्विपक्षीय सम्झौता

यस महाङ्काल गाउँपालिकाको आ.व. २०८०/०८१को विशेष अनुदानको................................. कार्यक्रमसञ्चालनकालागि श्री महाङ्काल गाउँपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने ) र श्री ........................................................ (यसपछि दोस्रो पक्ष भनिने ) बिच तपसिल बमोजिमका शर्तहरु परिपालना गरी कार्यक्रम सञ्चालन गर्ने गरी यो द्विपक्षीय सम्झौता गरी दियौं लियौं ।

तपसिल

१. यो सम्झौता, सम्झौता भएको मिति.............देखि प्रारम्भ भएको मानिने छ र सम्झौतामा संलग्न स्वीकृत प्रस्तवना/ईष्टिमेट बमोजिमको कार्य यथाशिघ्र सञ्चालन गरी मिति...........महिना..........गते..........सम्म समपन्न गरेर आवश्यक कागजात सहित दोस्रो पक्षले पहिलो पक्ष समक्ष पेश गर्नु पर्नेछ।

२. प्रथम पक्षले यस सम्झौता मुताविकको कार्यक्रमका लागि रु .........अक्षरुपी .....................रुपैयाँ मात्र नियानुसारको कर कट्टा गरी दोस्रो पक्षलाई अनुदान उपलब्ध गराउनेछ ।

३. दोस्रो पक्षले प्रथम पक्ष समक्ष पेश गरेको स्वीकृत संक्षिप्त कार्य योजना मुताविकका सम्पूर्ण कार्यहरु प्राविधिक मापदण्ड नर्मसको अधिनमा रही सम्पन्न गर्नेछ ।

४. कार्यक्रम सञ्चालनका लागि आवश्यक निर्माण सम्बन्धी डिजाईन, ईष्टिमेट, सुपरभिजन, बिल भर्पाई र कार्य सम्पन्न प्रतिबेदन लगायतका कार्यहरु तथा निर्माण। खरिद,ढुवानी, सञ्चालन र जग्गाको व्यवस्था आदि दोस्रो पक्षले गर्नेछ ।

५. दोस्रो पक्षले नियमानुसारको बिल, भर्पाई, कार्य सम्पन्न प्रतिवेदन र आवश्यक अन्य कागजातहरु सहित भुक्तानीका लागि प्रथम पक्ष समक्ष पेश गरे पश्चात स्थलगत प्राविधिक प्रतिवेदनको आधारमा मनासिव ठहेर दोस्रो पक्षको बेङ्क खाता मार्फत बढीमा दुई किस्ता वा कार्यक्रम सम्पन्न भए पश्चात एकमुष्ठ भुक्तानी गरिनेछ ।

६. प्रथम पक्षले कुनै पनि बखत सञ्चालित कार्यको अनुगमन र निरीक्षण गरी सम्झौता मुताबिक कार्य भए नभएको हेर्न र आवश्यक सल्लाह सुझाव प्रदान गर्न सक्नेछ ।

७. कार्यक्रम सञ्चालनका दौरान वा सम्पन््न भए पश्चातको सञ्चालन, मर्मत सम्भार, व्यवस्थापन, जोखिम र दीगोपनका लागि गरिने सम्पूर्ण कार्यहरु तथा अप्रत्याशित रुपमा सिर्जित सबै प्रकारका दायित्व र जिम्मेवारी दोस्रो पक्षको हुनेछ ।

८. दोस्रो पक्षले त्रैमासिक रुपमा कार्यक्रमको प्रगति, उपलब्धी एवं कारोवार सम्बन्धी विवरणहरु प्रथम पक्षलाई अनिवार्य रुपमा उपलब्ध गराउनेछ ।



अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

९. दोस्रो पक्षले कार्यक्रम सञ्चालन स्थलमा सबैले देख्ने गरी अनिवार्य रुपमा कार्यक्रमको नाम, ठेगाना तथा सहयोगी निकायको नाम र अनुदान रकम उल्लेखित बोर्ड राख्नुपर्नेछ ।

१०. कार्यक्रम सञ्चालनको दौरान कुनै कुरा परिमार्जन गर्नु परेमा वा कुनै विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमति अनुसार हुनेछ ।

११. दोस्रो पक्षबाट अनुदान रकमको दुरुपयोग हुन सक्ने देखेमा प्रथम पक्षले एक पटकका लागि सचेत गराउने र त्यसो गर्दा पनि सुधार नदेखिए एक पक्षीय रुपमा सम्झौता भङ्ग गरी हिनामिना भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गर्न सिफारिश गर्न सक्नेछ ।

१२. दोस्रो पक्षले........................ कार्यक्रम अन्तर्गत ............. व्यवसाय सञ्चालन सम्बन्धी कार्यको सार्वजानिक जानकारीका लागिpublic auditगर्नुपर्नेछ।

१३. यस कार्यक्रम अन्तर्गत लाभग्राही कृषकले अनुदानमा पाएको वस्तु / सामग्री वा अन्य सुविधाहरुको कम्तिमा १ वर्ष सम्म प्रयोगमा राख्नु पर्ने छ र बेचविखन गर्न पाइने छैन ।

१४. यस सम्झौतामा उल्लेख हुन छुटेका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

| **दोस्रो पक्षको तर्फबाट** | **प्रथम पक्षको तर्फबाट** |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नामः | नामः |
| पदः | पदः |
| संस्थाको नामः | संस्थाको नामः |
| संस्थाको छापः | संस्थाको छापः |
| **रोहवर** | **रोहवर** |
| हस्ताक्षर | हस्ताक्षर |
| नामः | नामः |
| पदः | पदः |

इति सम्वत ..................साल ...........महिना ............गते रोज ...........शुभम् ।

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष

## अनुसूची -९

(परिच्छेद ४ को दफा १७ सँग सम्बन्धित)

होर्डिङ बोर्ड

साईजः ३ फिट*२ फिट

................ स्थानिय तहको नाम

१. आयोजनाको नामः

२. आयोजना सञ्चालन गर्ने व्यक्ति/फर्म/सहकारी/संस्थाको नामः

३. ठेगानाः

४. आयोजनाको कूल लागतः रु.

५. अनुदान रकमः रु.

६. अनुदानग्रहीको योगदानः रु.

७. अन्य साझेदार निकायको सहभागीताःरु.

८. आयोजनाको अवधीः......................... देखि ..........................

९. लाभग्राहिको संख्याः................., महिला............., पुरुष............, अन्य.........

अशोक विष्ट
प्रमुख प्रशासकीय अधिकृत

गणेश बहादुर के.सी.
अध्यक्ष